म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २२९ शनिबार १७ चैत २०८० ने. सं. ११४४ चिल्लागा 30 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आफ्नै दाइमाथि खुकुरी प्रहार गर्ने भाइ पक्राउ

हेटौंडा, १६ चैत/मकवानपुरमा भाइले आफ्नै दाजुमाथि खुकुरी प्रहार गरी घाइते बनाएका छन् । बिहिबार राति मकवानपुरको मनहरी गाउँपालिका-३ हाँडीखोला बस्ने २६ बर्षीय कृष्ण तामाङ बलले आफ्नै २८ वर्षीय दाजु कप्तान तामाङ बललाई खुकुरी प्रहार गरी घाइते बनाएको मकवानपुर प्रहरीले जनाएको छ ।

कृष्णाको खुकुरी प्रहारबाट कप्तानको छाती, पेट र कुममा गम्भीर चोट लागेको छ । कप्तानको हेटौंडामा उपचार सम्भव नभएपछि थप उपचारको लागि चितवन रिफर गरिएको प्रहरीले जनाएको छ । खुकुरी प्रहार गर्ने भाइलाई प्रहरीले नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेको बताइएको छ ।

# सरकारको प्राथमिकतामा निर्माण उद्योगमैत्री कानुन निर्माण: *प्रधानमन्त्री*

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले निर्माण उद्योगमैत्री कानुन निर्माण गरेर कार्यान्वयनमा लैजाने विषय सरकारको प्राथमिकतामा रहेको बताएका छन् ।

नेपाल निर्माण व्यवसायी महासंघको २५ औं साधारणसभालाई शुक्रबार हेटौंडामा सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले खरिद प्रक्रियामा रहेका प्रक्रियागत ढाँचालाई सरलीकृत गरिने स्पष्ट पारे । 'सार्वजनिक खरिद नियमावली पटकपटक संशोधन हुँदै आएपनि त्यसले हाम्रो राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्न सकेको छैन,' प्रधानमन्त्री प्रचण्डले भने, 'खरिद प्रक्रियाका ढाँचालाई सरलीकृत गर्दै निर्माण उद्योगमैत्री कानुन निर्माण सरकारको प्राथमिकतामा छ ।'

निर्माण व्यवसायीको समेत सहभागितामा ऐन संशोधन गरी पूर्वाधार विकासलाई गति दिन सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले निर्माण कम्पनीको पुँजीगत सामर्थ्य, प्रविधि र जनशक्तिका आधारमा निर्माण कार्यसम्बन्धी वैज्ञानिक नीति र मापदण्ड निर्माण गर्न सरकार प्रतिबद्ध रहेको बताए । निर्माण व्यवसायीहरूले प्राप्त गर्नुपर्ने बक्यौता रकम भुक्तानीको प्रक्रिया अगाडि बढिरहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले बाँकी बक्यौता रकम तुरुन्त भुक्तानी दिन अर्थ मन्त्रालयलाई निर्देशित गरिसकेको जानकारी दिए ।

उनले भने, 'छिटोभन्दा छिटो बक्यौता रकम भुक्तानी गरी पूर्वाधार विकासका कामलाई गति दिनसमेत सरकार प्रतिबद्ध छ ।' प्रधानमन्त्री 'प्रचण्ड'ले सम्झौताअनुरुप गुणस्तरको काम नहुँदा राज्यमाथि अतिरिक्त दायित्व थपिँदै गएको बताए । प्रधानमन्त्री प्रचण्डले निर्माण




व्यवसायीले सम्झौताबमोजिम काम नगर्दा योजनाका काम समयमै सम्पन्न नभएको बताएका हुन् । 'राज्यको सीमा र कमजोरीका कारण व्यवसायीले भोग्नुपरेका अप्ठ्यारा र कठिनाइप्रति सरकार गम्भीर छ ।' प्रधानमन्त्री प्रचण्डले भने, 'तर, निर्माण व्यवसायीले सम्झौताबमोजिम काम नगर्दा आयोजनाको काम समयमै सम्पन्न नभएको, सम्झौता अनुरुप गुणस्तरको काम नभएको, निर्माणको अवधि लम्बिँदा राज्यको अतिरिक्त दायित्व थपिनेजस्ता समस्या पनि गम्भीर छन् ।'

रणनीतिक महत्वका आयोजना ओझेलमा पर्ने, अनावश्यक योजना थपिँदै जाने, राज्यको दायित्व बढ्दै जाने र खास गुणात्मक प्रतिफल नदिने बेथितिको दुष्चक्रबाट मुक्त हुने गरी काम गर्न आफूले अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालयलाई निर्देशित गरिसकेको उनले बताए । 'सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधनपछि राज्यको दायित्वमा आउने आयोजनामध्ये स्रोत सुनिश्चितता नभएका आयोजना सहमतिको आधारमा अन्त्य गर्ने कुरामा सरकार सकारात्मक छ,' प्रधानमन्त्री प्रचण्डले भने, 'राज्यको संरचनागत कमजोरी र समयमै भुक्तानी दिन नसकेका कारण व्यवसायी अप्ठ्यारोमा परेकाले कतिपय आयोजनाको काम समयवधिभित्रै सम्पन्न हुन नसकेका समस्याको सम्बोधनका लागि सरकारले आवश्यक निर्णय लिनेछ ।'

पूर्वाधार विकासका दृष्टिले हाम्रा कतिपय ऐन कानुन बाधक देखिएको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले पर्यावरणको रक्षाप्रति सचेत रहँदै प्रचलित कानुनलाई विकासमैत्री बनाउँदै लगिने बताए । 'वन ऐन लगायतका महत्वपूर्ण ऐन संशोधन गर्ने प्रक्रिया प्रारम्भ भएको छ,' उनले भने, 'यसले निर्माण उद्योगका लागि अत्यावश्यक नदीजन्य तथा खानीजन्य सामग्रीलाई सर्वसुलभरुपमा उपलब्ध गराउन राम्रो वातावरण बन्नेछ ।'

कार्यक्रममा पूर्वाधार विकास समिति सभापति तथा मकवानपुरका सांसद दीपकबहादुर सिंहले निर्माण व्यवसायीको ६० अर्बभन्दा बढी भुक्तानी राज्यले दिनुपर्ने, देशको विकासनिर्माण कार्यमा लागेका युवा निर्माण व्यवसायीलाई पलायन हुनबाट रोक्न खरिद नियमावलीमा संशोधन गर्नुपर्ने, टेन्डर हुनुअगावै मुआब्जा वितरणलगायत अन्य काम समयमै सम्पन्न गर्न प्रधानमन्त्री प्रचण्डको ध्यानाकर्षण गराएका थिए ।

महासंघका अध्यक्ष रवि सिंहको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, बागमती प्रदेशप्रमुख यादवचन्द्र शर्मा, सभामुख भुवनकुमार पाठक, जिल्ला समन्वय समिति संयोजक ललित घलानलगायतको उपस्थिति थियो । साधारणसभामा देशभरबाट एक हजार दुइसय प्रतिनिधि व्यवसायी र पाँच सय पर्यवेक्षकको सहभागिता रहेको बताइएको छ ।

महासंघ अध्यक्ष सिंहले अहिले निर्माण व्यवसायीलाई नकारात्मक दृष्टिकोणले हेर्न थालिएको गुनासो गर्दै सरकारले निर्माण सम्पन्न भएका कामको भुक्तानी समयमा दिन नसक्दा अरु काम समयमा गर्न नसकिरहेको बताए । उनले निर्माण व्यवसायीको रोकिएको भुक्तानी चाँडो निकासा गर्न आग्रह गरे । सरकारले अहिले पुँजीगत खर्च गर्न नसक्दा विकासनिर्माण कार्यमा ढिलाई भइरहेको अध्यक्ष सिंहको भनाई छ ।

सार्वजनिक खरिद ऐनलाई चाँडोभन्दा चाँडो संशोधन गरेर लगानीमैत्री वातावरण बनाउनुपर्ने बिषयमा साधारणसभामा चर्को आवाज उठेको छ । शनिबारसम्म चल्ने साधारणसभाको उद्घाटनका अवसरमा महासंघका पूर्वअध्यक्ष ध्रुव कार्की र रोशन श्रेष्ठलाई सम्मान गरिएको थियो ।

## 'आगामी नीति तथा कार्यक्रम र बजेट जनमुखी हुन्छ'

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटलाई जनमुखी बनाउने तयारीका साथ सरकार अगाडि बढेको बताएका छन् ।

नेकपा (माओवादी केन्द्र) का स्थानीय नेता एवम् कार्यकर्तासँगको भेटमा प्रधानमन्त्री प्रचण्डले आर्थिक वर्ष २०८१/८२ को बजेट उत्पादन एवम् रोजगारी विस्तारमा केन्द्रित हुने र सोहीअनुसार नयाँ योजना तयार गर्न सरकार लागिपरेको बताए ।

'पछिल्लो समीकरण सरकारको गति बढाउन र जनताका आकांक्षा पूरा गर्ने उद्देश्यका साथ निर्माण भएको हो,' प्रधानमन्त्री प्रचण्डले भने, 'नयाँ समीकरण बनेको एक महिना नपुग्दै धेरै राम्रा काम अगाडि बढेका छन्, अब देशको आर्थिक क्षेत्र पनि चलायमान हुनेछ ।'

आगामी दिनमा सरकारले विकास र समृद्धिको यात्रालाई जोड दिएर जनताका आकांक्षालाई सम्बोधन गर्ने उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले सुशासन र विकासमा केन्द्रित रही आगामी दिनमा सकारात्मक नतिजा दिने विश्वास व्यक्त गरे । 'दिनदिनै काठमाडौंमा जुलुस गर्नुपर्ने अवस्था बदलिएको छ, सहकारी पीडितको समस्या समाधानतर्फ अगाडि बढेको छ,' प्रधानमन्त्री प्रचण्डले भने ।

माओवादी धारका पार्टीहरुबीच एकता प्रक्रिया अगाडि बढेको जानकारी दिँदै प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र)का अध्यक्ष प्रचण्डले आगामी दिनमा माओवादीहरु एकताबद्ध हुने र २०८४ को आम निर्वाचनमा माओवादी सबैभन्दा ठूलो पार्टी बन्ने विश्वास व्यक्त गरे ।

# काठमाडौंका औद्योगिक प्रतिष्ठान मयुरधाप सार्ने योजनामा तुसारापात

भानुभक्त आचार्य

हेटौंडा, १६ चैत/हेटौंडाको मयुरधापमा काठमाडौंको बालाजु, पाटन र भक्तपुरका औद्योगिक क्षेत्रभित्र रहेका करिब दुई सय उद्योग स्थानान्तरण गर्ने सरकारको योजना अलपत्र बनेको छ । औद्योगिक क्षेत्र सार्ने सरकारको नीति र औद्योगिक क्षेत्र वरपरका स्थानीयको माग भएपनि कार्यान्वयन हुन सकेको छैन ।

बालाजु, पाटन र भक्तपुरमा सञ्चालित औद्योगिक क्षेत्रको जीर्ण पूर्वाधार, घनाबस्तीको बीचमा सुरक्षाजोखिम र प्रदुषणको असरलगायत कारणले औदोगिक प्रतिष्ठान स्थानान्तरण गर्नुपर्ने आवाज उठ्दै आएको धेरै समयं भयो । यी क्षेत्रका उद्योगलाई कहाँ, कसरी र कहिले सार्ने टुङ्गो लाग्न सकेको छैन । पहिलोपटक आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यमार्फत् सरकारले उपत्यकाभित्रका उद्योग हेटौंडाको मयुरधापमा सार्ने नीति सार्वजनिक गरेको थियो ।

दुई वर्षभित्र उपत्यकामा रहेका औद्योगिक क्षेत्रलाई उपत्यका बाहिर स्थानान्तरण गर्ने व्यवस्था मिलाइने बजेटमा उल्लेख थियो । बालाजु, पाटन र भक्तपुर औद्योगिक क्षेत्रका उद्योगलाई हेटौंडाको मयुरधापमा सार्ने योजनाको घोषणा सरकारले गरेको थियो । तर, मयुरधाप औद्योगिक क्षेत्र आफैं बन्ने नबन्ने टुङ्गो नलाग्दा उद्योग सार्ने योजना कार्यान्वयन हुन नसकेको हो । मयुरधापको जग्गामा औद्योगिक प्रतिष्ठान निर्माण गर्ने सम्भावना न्यून भएपछि उपत्यकाबाट प्रदुषणयुक्त उद्योग सार्ने सरकारको योजना अलपत्र बनेको हो ।

बागमती प्रदेशको आर्थिक ऐन, २०७९ मा काठमाडौं उपत्यकाभित्रका उद्योगले बागमती प्रदेशका अन्य जिल्लामा उद्योग स्थानान्तरण गरेमा उद्योगको नाममा जग्गा खरिद गर्दा लाग्ने घरजग्गा रजिष्ट्रेसन शूल्कमा ५० प्रतिशत छुट दिने उल्लेख छ । बागमती प्रदेश सरकारको चालु आर्थिक वर्षको आर्थिक ऐनमा पनि यो व्यवस्था गरिएको छ । तर, उद्योग आफैं उपत्यका छोडेर जान नचाहँदा सरकारको नीति प्रभावकारी देखिएन ।

औद्योगिक क्षेत्र व्यवस्थापन लि.का निमित्त महाप्रबन्धक राजेन्द्र प्रसाद कँडेल उपत्यकाभित्रका औद्योगिक क्षेत्र सार्ने तत्काल कुनै योजना नरहेको बताउँछन् । 'केही समयअघि यो विषय आएको थियो । तर, मयुरधापमा औद्योगिक क्षेत्र निर्माणबारे अन्यौलता देखिएपछि उपत्यका भित्रका उद्योगलाई बाहिर सार्ने योजना छैन', उनले भने । बालाजु औद्योगिक क्षेत्रमा एक सय ३५, पाटनमा एक सय ११, भक्तपुरमा ३८ वटा उद्योग सञ्चालनमा छन् । मयुरधाप औद्योगिक क्षेत्र आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) अझै स्वीकृत हुन सकेको छैन । राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र भएकै कारण मयुरधापमा औद्योगिक क्षेत्र बन्ने हो वा होइन भन्नेसमेत टुङ्गो लागेको छैन ।

उपत्यकाको घनाबस्तीका बीचमा उद्योगबाट सिर्जित प्रदुषणको असर, दशकौं पूराना संरचना जीर्ण अवस्थामा पुग्दासमेत मर्मतसम्भार नहुनु, उद्योगका लागि नवीनतम प्रविधि जडान गर्न नसक्नुलगायत कारण औद्योगिक क्षेत्र सार्नुपर्ने आवश्यकता महसुस भएको थियो । मुलुकको पहिलो औद्योगिक क्षेत्रका रुपमा रहेको बालाजु औद्योगिक क्षेत्र स्थापना भएको ६० वर्ष बित्यो । सरकारी निकायबाट त्यहाँ ४० भन्दा बढी औद्योगिक भवन, २० भन्दा बढी गोदाम, अन्य ग्यारेजसहितका २३ भन्दा बढी भवन बनाइएका छन् ।

निजी क्षेत्रबाट पनि संरचना बनाइएका छन् । त्यस्तै, वि.सं. २०२० सालमै स्थापना भएको पाटन औद्योगिक क्षेत्र र विसं २०३६ सालमा स्थापना भएको भक्तपुर औद्योगिक क्षेत्रका पूर्वाधार संरचना जीर्ण बनिसकेका छन् । 'स्थापनाकालमा औद्योगिक क्षेत्र वरपर बस्ती थिएनन्, तर, अहिले घनाबस्ती छन् । जसकारण वातावरणीय समस्याका विषय पनि आएका छन् ।

क्रमशः पृष्ठ-४....

हार्दिक समवेदना



स्व. दिवस मुडभरी

मेरो आत्मीय भाइ **दिवस मुडभरी**को देहावसान भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै ईश्वरले धर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

सविन न्यौपाने (वडा अध्यक्ष) एवम्

**हेटौंडा उपमहानगरपालिका १ नं. वडा समिति, परिवार**

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




**सम्पर्क कार्यालय:** सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९




भर्ना खुल्यो

शैक्षिक सत्र २०८१ का लागि कक्षा नर्सरीदेखि यु.के.जी. सम्म भर्ना खुल्यो!

सम्पूर्ण इच्छुक अभिभावकहरुलाई आफ्नो बालबालिका भर्ना गर्नुपूर्व आवश्यक जानकारी लिन विद्यालय भ्रमणका लागि आग्रह गर्दछौं ।

नवोदय नै किन ?

- सर्वाङ्गीण विकासका लागि
- शैक्षिक गुणस्तर
- सिर्जनात्मक / सिर्जनशील
- प्रतिभा प्रस्फुटनका लागि (नृत्य, सङ्गीत, कला, खेलकुद)
- प्रयोगात्मक सिकाइ
- रमाउँदै सिक्न
- गहन पठन संस्कृति

नवोदय शिशु सदन अङ्ग्रेजी माध्यमिक विद्यालय

थप जानकारीका लागि:
हेटौंडा-४ | ०५७-५२५९४०, ५२४९५९

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेबसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# सूर्यग्रहणका कारण बढ्नेछ कार दुर्घटना, वैज्ञानिकको अनौठो चेतावनी



आगामी अप्रिल ८ मा अमेरिकाको अधिकांश हिस्साबाट खग्रास सूर्यग्रहण देखिनेछ । सूर्य ग्रहण बर्सेनि हुने हुने खगोलीय घटनाक्रम हो । तर, यसपटकको सूर्यग्रहणलाई लिएर भने वैज्ञानिकहरुले अनौठो खालको चेतानवी जारी गरेका छन् ।

आमरुपमा ग्रहणलाई नांगो आँखाले हेर्नु हानिकारक मानिन्छ । तर यो पटकको सूर्यग्रहणको प्रभाव भने त्यत्तिमा सीमित हुनेवाला छैन । किनकि अप्रिल ८ मा हुने खग्रास सूर्यग्रहणले सवारी दुर्घटनाहरु समेत निम्त्याउने चेतावनी वैज्ञानिकहरुले दिएका छन् ।

यसअघि अमेरिकामा सन् २०१७ मा खग्रास सूर्यग्रहण भएको थियो । त्यसलाई ग्रेट अमेरिकन एक्लिप्स अफ २०१७ भनिन्छ । त्यसदिन पनि दिउँसोको समयमा केही समयका लागि सडक दुर्घटनामा तीव्र रुपमा वृद्धि भएको थियो । सोही घटनालाई आधार मान्दै वैज्ञानिकहरुले यो पटकको खग्रास सूर्यग्रहणका बेला पनि सडक दुर्घटना बढ्ने आँकलन गरेका छन् । यस सम्बन्धी रिपोर्ट JAMA Internal Medicine जर्नलमा छापिएको छ ।

टोरेन्टो विश्वविद्यालयका चिकित्साशास्त्रका प्राध्यापक तथा उक्त रिपोर्टका सहलेखक डाक्टर डोनाल्ड रिडेलमियरका अनुसार खग्रास सूर्यग्रहणको एक घण्टाका दौरान दिनको समयमा अचानक सूर्यको प्रकाश कम हुँदा वा अचानक अँध्यारो हुनाले सडक दुर्घटना हुने होइन ।

दुर्घटना त्यसको अगाडि वा पछिका घण्टाहरुमा हुन्छन् ।

**पाथ अफ टोटालिटीमा हुन्छन् दुर्घटना**

डाक्टर रिडेलमियरका अनुसार आमरुपमा सूर्यग्रहण पछिको समयमा अधिकांश सडक दुर्घटना हुने गरेको देखिन्छ । सन् २०१७ मा सूर्यको पाथ अफ टोटालिटी अर्थात् ग्रहणका बेला अँध्यारो हुने जमिनको हिस्सा ११३ किलोमिटर चौडा थियो । सो क्षेत्रको मध्य भागमा रहेका मानिसहरुले सबैभन्दा लामो समयसम्म अँध्यारोको सामना गर्नुपरेको थियो ।

करिब २ करोड अमेरिकीहरुले पाथ अफ टोटालिटी देखेका थिए । आगामी अप्रिल ८ मा पाट अफ टोटालिटी साढे २ देखि चार मिनेटसम्म देखिनेछ । यो त्यसको स्थानमा निर्भर गर्दछ । त्यसको सीमाभन्दा बाहिरका मानिसले खग्रास सूर्यग्रहण देख्न पाउनेछैनन् ।

**सूर्यग्रहणपछि दुर्घटनामा वृद्धि**

डाक्टर रिडेलमियर तथा उनका सहकर्मी डाक्टर जोन स्टेपल्सले सन् २०१७ मा सूर्यग्रहणभन्दा अगाडि र त्यसपछिको समयमा भएका सडक दुर्घटनाहरुको अध्ययन गरे । केवल त्यतिमात्र होइन उनीहरुले सूर्यग्रहणको तीन दिनअघि र तीन दिनपछिको तथ्यांक पनि संकलन गरे । त्यसबाट खग्रास सूर्यग्रहणका कारण सडक दुर्घटनामा ३१ प्रतिशतले वृद्धि हुने गरेको देखियो । प्रकाशमा अचानक हुने परिवर्तन पनि दुर्घटनाको कारणको रुपमा रहेको छ।

सन् २०१७ मा सूर्यग्रहणपछि हरेक घण्टा १०.३ जना मानिस सडक दुर्घटनामा परेका थिए । जबकि सूर्यग्रहणभन्दा अगाडि भने प्रतिघण्टा ७.९ जना मानिस सडक दुर्घटनाको सिकार भएका थिए। अर्थात् सूर्यग्रहणपछि हरेक २५ मिनेटमा एउटा सडक दुर्घटना भएको थियो । जबकि हरेक ९५ मिनेटमा एउटा अत्यन्तै घातक अतिरिक्त दुर्घटना भएको थियो ।

दुर्घटनाको एउटा ठूलो कारणचाहिं मानिसहरु ठाउँठाउँमा जम्मा भएर सूर्यग्रहण हेर्नु पनि थियो । त्यसका कारण सडकमा ट्राफिक जाम समेत भएको थियो ।

**यौन स्वास्थ्य**

# यौन स्वास्थ्यसम्बन्धी आठ भ्रम



विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार दैनिक एक लाख मानिस यौन प्रसारित रोगबाट प्रभावित छन् । यत्तिका संख्या बढिरहँदा पनि अझै पनि समाजमा यौन प्रसारित रोगबारे खुलेर कुरा गर्दैनन् । रोगलाई लुकाएर राख्छन् । यसरी लुकाउँदा रोग एकबाट अर्कोमा फैलिने मात्र होइन, लामो समयसम्म उपचार नहुँदा कैयौंले ज्यान गुमाइरहेका हुन्छन् ।

अस्पतालमा यस्ता समस्या लिएर आउनेको संख्या निकै कम हुन्छ । तीमध्ये मुस्किलले केहीले चिकित्सकसँग यौन स्वास्थ्यबारे जिज्ञासा गर्छन् । कतिपय यसरी खुलेर आफ्नो समस्या राख्न नसक्दा गलत सूचनाको सिकार हुन पुग्छन् । पक्कै पनि अहिले सामाजिक सञ्जाल छ, जहाँ निर्धक्क आफ्नो समस्याबारे यौन जिज्ञासा टाइप गरेर उत्तर पाइन्छ । यसो गर्दा कसैले देख्लान् वा सुन्ला न भन्ने भय रहँदैन । गोपनीयता कायम रहन्छ ।

तर सामाजिक सञ्जालको वेब साइटमा राखिएका सबै सूचना विश्वासिलो र भरपर्दो हुन्छन् भन्ने हुँदैन । जसबाट तपाईंको समस्याको संकेत यही रोगको भनेर किटान गर्न सकिदैन । सतही अनुमान मात्र लगाउन सक्छ । र, कहिलेकाहीं सही सूचना नपाउँदा मानिसले गलत भ्रम पाल्न सक्छन् ।

यस्तै केही यौन रोगसम्बन्धी केही सामान्य भ्रमबारे चर्चा गरौं ।

**१. गर्भ निरोधक चक्की सेवन गरेमा यौन प्रसारित रोग सर्दैन**

यो एक किसिमको भ्रम हो । यस्ता चक्कीले यौन प्रसारित रोगविरुद्ध लड्न मद्दत गर्दैन । पब्लिक हेल्थ इङ्ल्याण्डका यौन तथा प्रजनन् स्वास्थ्यका परामर्शदाता डा. स्यू मान यस भ्रमबारे प्रस्ट पार्दै भन्छिन्, 'गर्भनिरोधक चक्कीले गर्भावस्थालाई मात्र रोकथाम गर्छ । यौन रोगबाट बच्न एउटै गर्भनिरोधक साधन मात्र प्रभावकारी हुन्छ, त्यो हो, कण्डम ।'

सीडीसीका अनुसार गर्भ रोक्ने अस्थायी साधन जस्तै, चक्की, कपरटी, तीनमहिने सुई, नरप्लान्टले एचआईभी जस्ता रोगलाई रोक्न सक्दैन । मात्र गर्भमा सन्तान बस्नबाट रोक्न सकिन्छ ।

**२. "विद ड्र वेल मेथड"ले गर्भ रोक्न मात्र होइन, यौन रोग लाग्दैन**

'विद ड्र वेल मेथड' अर्थात् शारीरिक सम्पर्क गरेपछि वीर्य योनी बाहिर स्खलित गर्नु हो । 'विद ड्र वेल मेथडले गर्भ बस्ने सम्भावना कम हुन्छ भन्ने कुरामा कुनै सत्यता छैन । सही समयमा यो प्रक्रिया गर्दा गर्भ बस्ने सम्भावना केही घटाउन सक्छ । तर चरम उत्कर्षमा पुग्दा योनी बाहिर स्खलित गर्ने समय ठयाक्कै नमिल्न सक्छ,' डा. मान भन्छिन् ।

त्यति मात्र होइन, कहिलेकाहीं स्खलन हुनुअघि 'प्रि एजाकुलेट' हुनसक्छ । यस्तोमा कतिपय केसमा तरल पदार्थमा पनि वीर्य हुनसक्छ । यसैबारे भएको एक अध्ययन अनुसार समयपूर्व स्खलन भएका २७ जनाको नमुना परीक्षण गर्दा १० जनामा वीर्य पाइएको थियो । जसबाट विज्ञहरुले कसैमा 'प्रि एजाकुलेट' हुँदा वीर्य हुन सक्ने र कसैमा नहुने निष्कर्ष निकालेका थिए ।

जहाँसम्म यौन रोग नलाग्ने कुरा छ, यो पनि गलत बुझाइ रहेको छ । यो विधिबाट पनि यौन रोग एचआईभी, ईप्स, साइफिल्स, गोनोरिया जस्ता रोग लाग्ने जोखिम उत्तिकै रहने डा. मान बताउँछिन् ।

**३. दोब्बर कण्डम एकै पटक लगाउँदा दोब्बर सुरक्षा**

धेरैको बुझाइ के छ भने दुईवटा कण्डम एकै पटक लगाउँदा दोब्बर सुरक्षा हुन्छ । तर यो एक भ्रम मात्र हो ।

'दुई वा दुई भन्दा बढी कण्डम लगाएर यौन सम्बन्ध कायम गर्नु झन् जोखिमपूर्ण हुनसक्छ,' डा. म्यान भन्छिन्, 'धेरै कण्डम प्रयोग गर्दा घर्षण हुँदा चापले कण्डम फुट्ने जोखिम बढी हुन्छ । कण्डम फुटेमा यौन रोग र गर्भ बस्ने सम्भावना अत्याधिक हुन्छ । त्यसैले एउटा मात्रै कण्डम प्रयोग गर्नु उपयुक्त हुन्छ ।'

**४. शौचालयबाट पनि यौन रोगको जोखिम हुन्छ**

यो सायद यौन रोग सम्बन्धित सबैभन्दा बढी फैलिएको भ्रम हो । यद्यपि, बारम्बार यो भ्रम हो भनेर खण्डन गरिए पनि यसलाई चिर्न सकिएको छैन,' उनले भनिन् ।

यी रोग यौनाङ्ग, मुख-मैथुन र यौन खेलौना जथाभावी प्रयोगबाट एकबाट अर्कोमा सर्छ । क्लामिडिया, गोनोरिया र सिफिलिस जस्ता भाइरसको संक्रमणले हुन्छ ती भाइरस मानव शरीर बाहिर लामो समयसम्म बाँच्न सक्दैन, त्यसैले सामान्यतया शौचालय सीटहरू जस्तै सतहहरूमा छिट्टै मर्छन् । जसकारण शौचालयबाट भाइरसहरुको संक्रमण सर्न नसक्ने उनी बताउँछिन् ।

**५. यौनरोगको कुनै उपचार छैन**

यौनरोगको उपचार सम्भव छ । तर पूर्णरुपमा सबै रोग निको हुन्छ भन्न सकिंदैन । विश्व स्वास्थ्य संगठनका अनुसार आठवटा जीवाणुमा क्लामिडिया, गोनोरिया र सिफिलिस र ट्रिकोमोनाइसिस जस्ता चारवटा रोग उपचार पछि निको हुनसक्छ ।

बाँकी रहेको चारवटा हेपटाइटिस बी, हर्पिस, एचआईभी र एचपीभी निको हुन सक्दैन ।

**६. यौनरोग यौन सम्पर्क नगरेसम्म सर्दैन**

यौन सम्पर्क मात्र यौन रोगको कारक होइन । मुख मैथुन, एकअर्काको यौनाङ्ग स्पर्श गर्ने र यौन खेलौना साटासाट गर्दा पनि यौन रोग सर्न सक्ने डा. म्यान बताउँछिन् ।

यौनक्रिया बाहेक सुईको गलत प्रयोगबाट पनि सर्न सक्छ ।

**७. समलिङ्गी पुरुषहरू मात्र एचआईभी संक्रमित हुन्छन्**

समलिङ्गी पुरुषहरू मात्र एचआईभी सङ्क्रमित हुन्छन् भन्ने ठूलो भ्रम छ । 'जुनसुकै जाति, उमेर, लिङ्ग जो सुकैलाई एचआईभी संक्रमण हुनसक्छ । यदि तपाईंलाई एचआईभी छ र तपाईंलाई थाहा छैन भने यौनसाथीलाई सर्ने सम्भावना बढी हुन्छ,' डा. म्यान भन्छिन् ।

**८. यौनरोगको लक्षण छ भने मात्र अरुलाई सर्न सक्छ**

धेरैलाई यौनरोग भएको थाहा नहुँदा यो रोग लाग्न र फैलिन सक्छ,' डा. मान भन्छिन्, 'यौनरोग लक्षण विना र लक्षणसहित फैलिन सक्छ ।'

डब्लुएचओका अनुसार धेरैजसो यौनरोगमा लक्षण देखिदैन । र, केहीमा हल्का किसिमका लक्षण देखिन सक्छ । लक्षण नदेखिने हुँदा यौनरोगको परीक्षण र यौन सम्बन्ध कायम गर्दा कण्डमको अनिवार्य प्रयोग गर्नुपर्छ ।

*-मेडिकल न्युज टुडेबाट*

# साहित्य

## धुलोमाण्डु

कविता



✍सुशील लामा

अलिकति बादलको पर्दा च्यातेर
आकाशले चियाउँदै थियो ।
नागार्जुन,फुलचोकी चन्द्रागिरिले घेरेर राखेको
धुलोमाण्डुलाई,
धुलो,धुवाँ अनि तुवाँलो ले सिँगारिएको
देवी र देउताहरूको सहर भनेर चिनिने
धुलोमण्डु उर्फ काठमाण्डु सहर
अचेल
बहुराष्ट्रिय कम्पनीहरूको
बहुत ठुलो ईण्ड्रष्टियल एरिया जस्तै बनेको छ,
सडक छन् अस्तव्यस्त
अनेक आयोजनाले
अनेक पटक कोतरेर बनाएको
कुरूप आकृति को परवाह नगरी
अरू देशमा पर्ने लागत भन्दा
कैयौं गुणा करको भारी भित्रेका
मोटर- गाडी कुदिरहेका छन् ।
कमिलाको ताती सरि
अस्तव्यस्त छन् ।
काठमाण्डु उर्फ धुलोमाण्डु

गगन चुम्बी कङ्क्रिटका महलको
जगका जराहरूले
गरेको अतिक्रमण खेपेर
साँघुरिँदै-साँघुरिँदै
आकार बिगारेर ढल बनेर बग्दैछ ।
बागमती, रुद्रमती अनि विष्णुमती
चोभार गल्छीबाट
बग्दैछ
काठमाडौंको इज्जतहरू
पर.... टाढा सम्म पुग्न ।
स्वयम्भू र बौद्धको चक्षुभरि
धुलो, धुवाँ जमेर
अशान्ति को आँसु बगाउँदै
डाक्टर रुईतलाई
सम्झी रहेको छ ।
प्रिय काठमाण्डु उर्फ धुलोमाण्डु

मठ र मन्दिरका गजुरहरूको
रङ ठ्याक्कै
धुवाँ र धुलो जस्तै देखिन्छ,
बाटाभरि असरल्ल कुदिरहेको
छाडा वस्तुहरूको चित्कारले
चसक्क मुटुमा घोचिँदो रहेछ ।
साँच्चै उ आफैं
कुरूप बनेर सफा हुन बर्खाको झरी कुरिरहेको सहर
त्यहीं सहरमा
उधुम उधारो सपनाहरू खोज्न
थानका थान सुन्दर मानिसहरू
भित्रिँदा रहेछ ।
दूर गाउँ बाट....

सपनाहरू बाँड्ने देखि
सपनाहरू खोज्ने भिडमा
भोक-तिर्खा सुर्ता बिर्सेर
सुदूर दूर दराजबाट सहर भित्रिएका
सोझा सिधालाई सजिलै
फगत सपना देखाएर फसाउने
इमानदारको मुखौटा ओढेर
बेइमानीको धन्दा गर्नेहरूलाई सम्म
साथ र बास दिने गर्दा रहेछ ।
मीठो मिठाइ जस्तो मन भएको
मनकारी काठमाण्डु,
मज्जाले निधाउन नपाएर बिउँझेको
बिहानहरू सँगै
हातमा चियाको थर्मसमा तातो चिया,
पिठ्युँमा बिउँझन नमानेको बच्चा बोकेर
चिया बेच्दै जीवन खोजिरहेको
चियावालीदेखि
सुनका बिस्कुट भित्र्याउन माहिर
अनेक मन भका मान्छेलाई
साथ दिने सुन्दर भएर पनि
बाठा मान्छेहरूको बठ्याइँमा भुलेको
औधी राम्रो धुलोमण्डु !

## म आगो हुँ

कविता



✍बालकृष्ण गजुरेल

हो... म आगो हुँ
आफैंलाई जलाएको छु
पटक- पटक
धेरै पटक
हिमाली सतह उठाउन
मानवीय अस्तित्व जुटाउन
खरानी पारेको छु
आफैंले आफैंलाई
सोध्नु होला किन ?
ती उठेका अनुहार
जलेका हुन्छन् -आफैंभित्र
शक्ति सञ्चय गर्न
तब पो ताप दिन सक्छन्
संसारका निर्दाहरूलाई
निरन्तर जगमगाउँछन् -
ऋषीहरूकरो समाधि झैं
समुन्द्रको ज्वारभाटा झैं

भन्नुहोला -
जाबो खरानीसँग के आश ?
आगो लाग्दछ - बकवास
समय- समयमा खाना पकाउँछ
जलाउँछ खरानी पार्छ सकाउँछ

लाग्न सक्ला -
आगो मात्र माध्यम हो
ठुला- ठुला उद्योगहरूका
धातु पगाल्ने भट्टीहरूका
भ्रममा नपर्नुस् -
हो... म आगो हुँ
खेल्ने प्रयास नगर्नुस्
कमजोर नसोच्नुस्
सोचे- भ्रममा पर्नु हुनेछ
किन मैले आगो रोजें ?
प्रश्न उठ्न सक्छ
प्रश्न उठाउन सक्नुहुन्छ

वर्ष- वर्षमा
महिना- महिनामा
हप्ता-हप्तामा
सबैको अन्त्य आगोबाट हुन्छ-
बलिया धातुहरूको
कमजोर सातुहरूको
मानेका भगवान्हरूको
जानेका महा मानवहरूको
कहिले- प्रलयमा
कहिले- चितामा

सम्मान गर्नुस् कि घृणा !
विषय तपाईंमा निहित छ
सम्मान गरे- शून्यतामा
घृणा गरे - चितामा
यात्रा सोध्नुहुन्छ भने-
म शून्यताको यात्रा गर्दैछु
आफैंले - आफैंभित्र
सके बुद्ध बन्न
नसके शुद्ध बन्न

## गजल

✍डा. बच्चु कैलाश कैनी

आफ्नै देशदेखि आजकल म दुर भएकोछु
समयसँगै बिदेशमा बस्दा म बेसुर भएकोछु ।

आफ्नै मान्छेको पनि कत्ति याद छैन मलाई
कामको बोझले गर्दा म एकसुर भएकोछु ।

भनिन्छ समय र नियतीले बदलिन्छ मान्छे
आजकल आफ्नै बेदनाले म क्रुर भएकोछु ।

लाग्छ मेसिन हुँ म एकनासले सधैं चलिरहने
पैसाको पछि लाग्ने यहाँ म मजदुर भएकोछु

यस्तै रहेछ भावीले लेखेको मेरो भाग्य हजूर
परदेशी यो दुनियाँमा म महसुर भएको छु ।

## रङ : एक अस्तित्व : एक उपस्थिति

कविता



✍बिकेश कविन

चराजसरी उडिरहेका थिए, रङहरू
र,
यही बेला भेटियौ तिमी
जसलाई मैले भनिदिएँ-
मेरो माया

कुनै परिजसरी आएकी थिइनौ तिमी
न आएकी थियौ
तिमी कुनै हिरोइनजस्ती भएर

तिमी आएकी थियौ
मसम्मुख
कुनै दुर्गम गाउँजस्ती भएर,
तिमी आएकी थियौ
मसम्मुख
सबैभन्दा चम्किलो ताराजस्ती भएर

तिमी देखिएकी थियौ,
सामान्य
तर, रङले भरिएकी
पूर्णत:

तिमी आएकी थियौ
उड्दै उड्दै आइरहेका रङहरूजसरी,
तिमी आएकी थियौ
निरन्तर निरन्तर फैलिरहेका रङहरूजसरी

जसरी नाँच्दछन् रङहरू,
पूरै जंगलभरि
जसरी मुस्कुराउँछन् रङहरू,
बच्चाका मुहारभरि
त्यसरी आएकी थियौ तिमी

जसलाई मैले भनिदिएँ-
मेरो माया ।

## गजल

✍राजु 'हिमांशु'

न्यानो स्पर्शमा आत्मीयता सर्दो रैछ
चोखो प्रार्थनामा ईश्वरीयता झर्दो रैछ

माया नै त रैछ सबै मान्छेले खोजेको
ऐस आराम ऐश्वर्य सप्पै नै छर्दो रैछ

भोगीले कसरी बुझ्थ्यो र अर्थ मायाको
भोगी मनमा मायाको अर्थै मर्दो रैछ

भोकै बसुलाँ तर माया नछुटोस् कहिल्यै
मायाले त भवसागर सजिलै तर्दो रैछ

बुझ्नेलाई त 'राजु' श्रीखण्ड हो नि माया
नबुझ्ने पनि मायाकै खोजमा चर्दो रैछ

## चित्रकला



दिपशना थापा
कक्षा: १०, जी.एस. निकेतन मा.वि. हेटौंडा

# विस्फोटक लोकेशको चाहे जस्तो शतकीय इनिङ्स



काठमाडौं/नेपालका युवा ब्याटर लोकेश बमले आयरल्यान्ड ए विरुद्ध पहिलो टी-२० मा ओपनिङ गर्दै १०६ रनको शतकीय इनिङ खेले । ५६ बलमा ९ चौका र ८ छक्का सहित शतक हाने पनि नेपाल हारबाट भने जोगिन सकेन ।

२२३ रनको लक्ष्य पछ्याएको नेपाल १९.३ ओभरमा २०१ रनमा अल आउट हुन पुग्यो । विकेटकिपर विनोद भण्डारी १६, देव खनाल डक र अर्जुन घर्ती ३ रनमा आउट हुँदा नेपाल ८.४ ओभरमा ६८-३ को अवस्थामा पुगेको थियो ।

सुरुवाती १० ओभरमा घरेलु टोली ७९-३ को अवस्थामा पुग्दा जित्नलाई प्रतिओभर १४.४० रन रेट आवश्यक थियो । चौथो विकेटका लागि लोकेशले आरिफ शेखसँग ४६ बलमा १२१ रनको शतकीय साझेदारी गर्दै नेपाललाई तिलस्मी जिततर्फ अघि बढाए ।

लोकेशले सुरुवाती ५० रन ३७ बल, त्यसपछि बाँकी ५० रन १५ बलमै पूरा गरेका थिए । ११ औं ओभरको अन्तिम दुई बलमा उनले गेभिन होईलाई लगातार छक्का हान्दै आफ्नो शैलीमा खेल्न थालेका थिए । ग्यारेथ डेलानीलाई १५औं ओभरको दोस्रो बल हानेको छक्का पेभेलिएन बक्सको माथिबाट पर्खाल कटेको थियो । पर्खाल बाहिर बल गएको टीयुमा कमै देखिन्छ ।

१६औं ओभरको दोस्रो बलमा लोकेशले दुई रन बटुल्दै ५२ बलमा आफ्नो करिअरको पहिलो शतक पूरा गरेका थिए । पहिलो शतकपछि लोकेशले चोभार एण्डतर्फ दर्शकतर्फ पुगेर सेलेब्रेसन गरे । 'यो क्षणको लागि धेरै पहिलादेखि पर्खिएको थिएँ' खेलपछि लोकेशले भने, 'शतक बन्दा छुट्टै आनन्द हुन्छ । एकदमै भावुक पनि थिएँ । म्याच जिताउन खोजेको थिए, तर त्यो चाहिं भएन ।'

लोकेशले १६ औं ओभरको पाँचौं बलमा लङअफमा चौका प्रहार गरेपछि नेपाल १५.५ ओभरमा १८९-३ का बलियो अवस्थामा थियो । तर त्यही ओभरको अन्तिम बलमा लोकेश डीप प्वाइन्टमा मेयर्सबाट क्याच आउट हुन पुगे ।

लोकेश आउट हुनु नेपालको हारको टर्निङ प्वाइन्ट बन्यो । 'बल एक्दमै ब्याटमा आएको थियो । बाउन्ड्री पनि सानो थियो, जहाँ हानेपनि छक्का लागेको थियो' लोकेशले भने, 'दुर्भाग्य त्यो बल लागेन । तर पनि खेल जित्ने आशा थियो ।'

लोकेश आउट हुँदा भरपर्दा ब्याट्सम्यान आरिफ ४६ रनमा क्रिजमा थिए भने त्यसपछि पनि ब्याटिङ लाइनअप बलियो थियो । २४ बलमा ३४ रन चाहिएको थियो । तर आरिफ ४९ रन, किरण ठंगुन्ना २, बसिर अहमद ३, राशिद खान, कमलसिंह ऐरी र हेमन्त धामी शून्यमा आउट भए ।

लामो समयपछि मैदान फर्किएर ३ विकेट लिएका कमल सिंह ऐरीका अनुसार खेल जितिहालिल्छ भन्ने लाग्दा पनि हार्न पुग्यो । भन्छन्, 'अब यहाँबाट सहजै जितिन्छ भन्ने लाग्यो, कसैले पनि प्रेसर लिएन । २/३ विकेट गएपछि धेरै प्रेसर भयो ।'

### लोकेशको करिअरको त्यो टर्निङ प्वाइन्ट

धनगढी क्रिकेट एकेडेमीबाट हुर्किएका लोकेश ओपनिङदेखि तल्लोक्रममा खेल्ने गुण भएका ब्याटर हुन् । नेपालको यू-१९ टोली, घरेलु क्रिकेट हुँदै सिनियरबाट खेलिसकेका छन् । पोखरा प्रिमियर लिग २०१९ मा चितवन राइनोजले दिएको १ सय ४७ रनको लक्ष्य पछ्याउने क्रममा विराटनगर ८.२ ओभरमा ३७-६ को दयनीय अवस्थामा पुगेको थियो । त्यहाँबाट उनले ३६ बलमा ५ चौका र ५ छक्का सहित ६२ रन जोड्दै घरेलु क्रिकेटमा तरङ्ग ल्याए । त्यही प्रदर्शका कारण सिनियर टोलीको बन्द प्रशिक्षणमा परे । यद्यपि उनले अन्तिम टोलीमा स्थान बनाउन सकेनन् ।

२०२१ मा त्रिभुवन आर्मी हुँदै घरेलु क्रिकेट खेल्न नेपाल एपीएफ पुगेका थिए । २०२२ जनवरीमा एपीएफबाट आर्मीविरुद्ध प्रधानमन्त्री कप टी-२० राष्ट्रिय प्रतियोगितामा टीयुमा १४ बलमै अर्धशतक हाने । १८ बलमा २ चौका र ९ छक्कासहित ६६ रनको इनिङ खेलेपछि तत्कालिन मुख्य प्रशिक्षक पुबुदु दसानायिकेले उनलाई टी-२० विश्वकप छनोट खेल्ने नेपालको अन्तिम टोलीमा समेटे ।

२०२२ फेब्रुअरीमा लोकेशले युएईविरुद्ध चार देश सम्मिलित टी-२० आई सिरिजमा युएईविरुद्ध डेब्यू गरे । २१ बलको समान गरेका उनले २ चौका र छक्कासहित ३३ रन बनाएका थिए । उक्त सिरिज सकिए लगत्तै भएको आईसीसी टि-२० विश्वकप छनोटमा खेल्ने मौका पाए पनि राम्रो गर्न सकेनन् ।

लोकेश नेपालका विष्फोटक ब्याटर हुन् । तर उनको प्रदर्शन निरन्तर एकै किसिमको छैन । एउटा इनिङ राम्रो खेलेपछि अर्को आउन समय लाग्ने गरेको छ । नेपालबाट ११ टी-२० आई खेल्ने क्रममा ८ इनिङमा ब्याटिङ क्रमशः ३३, ६, १६, ६, ०, ५, १४ र ६ थियो ।

२०२२ को त्यो १४ बल अर्धशतकपछि यादगार प्रदर्शन टीयुमा बल्ल आएको हो । अब उनी लगातार सानदार प्रदर्शन चाहन्छ । 'क्रिकेटमा लय तलमाथि त भइराख्छ, तर कसरी लगेर जाने विस्तारै सिकिरहेको छु' नेपाल ए का मुख्य प्रशिक्षक ज्ञानेन्द्र मल्लले पनि आफूलाई निकै मदत गरेको भन्दै लोकेशले भने, यो इनिङले मनोबल बढेको छ । आगामी खेलमा यही लगेर जानेछु ।'

### विकेटकिपर ब्याटरमा नजर

नेपालको राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक मोन्टी देशाईले लोकेशलाई टी-२० मा विकेटकिपर ब्याटरको रुपमा तयार पार्न खोजेका छन् । सिनियर टोलीमा पहिलो रोजाइमा खेल्ने अवसर नपाएपनि अभ्यास वा खाली समयमा प्रशिक्षक मोन्टीले लोकेशलाई निरन्तर विकेटकिपरमा ट्रेनिङ दिएका हुन्छन् ।

नेपाल ए मा भने उनले विकेटकिपरको भूमिका निभाएका छैनन् । कप्तान विनोद भण्डारी आफैं विकेटकिपर ब्याटर हुन् । लोकेशले भने ओपनरको भूमिका पाएका छन् । नेपाल एमा गर्ने प्रदर्शनले सिनयर टिमको ढोका खोल्ने भएकाले टिममा रहेका उत्साहित रहेको उनले सुनाए । भन्छन्, 'नेपाल ए टोलीमा सबै जना खुसी छन् । माहोल पनि राम्रो छ ।'

*(स्रोत: अनलाइनखबर)*

# भन्सारले अर्बौंका सामान लिलाम गर्दै, आयात प्रतिबन्धित वस्तु अधिक

काठमाडौं/विभिन्न भन्सार कार्यालयले अर्बौं रुपैयाँका सामान लिलाम बिक्रीका लागि प्रक्रिया थालेका छन् । यसरी लिलाम बिक्रीमा राखिएका वस्तु आयात प्रतिबन्धित वस्तुसमेत छन् । १३ चैतमा सुक्खा बन्दरगाह भन्सार कार्यालय सिर्सिया पर्साले निकालेको लिलामी सूचनामा सुपारी, पोस्ता दाना, मुसुरो दाल, कालो मास दाल, वाइनजस्ता वस्तुको मात्रा अधिक देखिएको छ ।

सरकारले कोभिड-१९ महामारीपछि आयातमा प्रतिबन्ध लगाएका वस्तु लिलामी सूचीमा परेका छन् । भन्सार विभागका निर्देशक पुण्यप्रसाद खड्काका अनुसार भन्सार विभागले आफ्नो सामान छुटाउन कानुन अनुसार दिइएको समयभित्र दाबी-विरोधका लागि कोही पनि नआएका वस्तु क्रमशः लिलामीमा राख्न थालेको छ । सोही क्रममा सुक्खा बन्दरगाहले ती सामान लिलामीमा राखेको उनले बताए ।

भन्सार विभागका अनुसार देशभरि १० अर्ब रुपैयाँभन्दा बढीको मालवस्तु लिलामी गर्नुपर्ने अवस्था छ । सुक्खा बन्दरगाहमा मात्र साढे ३ देखि ४ अर्ब रुपैयाँको मालवस्तु यस्तो अवस्थामा रहेको पाइएको छ ।

भन्सार भित्रैबाट वैधानिक रूपमा हुने तस्करीका लागि धेरैजसो सामग्री भन्सार गोदाम भित्रिएर थन्किएको हुन सक्ने अनुमान छ । विभागका निर्देशक खड्काका अनुसार यी सामान कतै गलत नियतले ल्याइएका थिए कि भन्ने शंका गर्ने ठाउँ पर्याप्त देखिएको थियो । भन्सार राजस्व कम भएपछि सामान दाबी गर्न विभागले आह्वान गर्दा समेत दाबी नपरेपछि यस्तो शंका गरिएको उनले बताए ।

सुक्खा बन्दरगाहमा मात्र ३ सयभन्दा बढी वस्तु लिलामी गर्नुपर्ने अवस्था रहेको उनले बताए । सुक्खा बन्दरगाहमा खाली छन् भनी दाबी गरिएका कन्टेनरमा यस्ता वस्तु भेटिएका थिए । सुक्खा बन्दरगाहमा रेल्वेमार्फत सिधै कन्टेनर आउन सक्छन् । लामो समयदेखि कन्टेनर राखिएको र भन्सार क्लियरेन्सका लागि नआएपछि विभागले स्थानीय प्रशासनको रोहवरमा जाँच गर्दा प्रतिबन्धित वस्तु र एउटा प्रज्ञानपन पत्रबाट अर्को सामान भित्र्याउन खोजेकोसम्म भेटिएको उनले जानकारी दिए ।

केही महिना अगाडिमात्र यस्ता शंकास्पद कन्टेनर खोलिएका थिए । त्यस क्रममा सरकारले आयातमा प्रतिबन्ध लगाएको समयमै आएका वस्तु भेटिएको थियो । 'एकातर्फ भन्सार राजस्व घटिरहेको र अर्कातर्फ भन्सारमा सामान आएर थुप्रिएपछि क्लियरेन्स गर्न कार्यालयहरूलाई ताकेता गरिएको थियो,' निर्देशक खड्काले भने, 'त्यस क्रममा कन्टेनर खोलेर हेर्दा आयात प्रतिबन्धित, कर छल्ने नियतले समेत सामान ल्याएको पाइएको थियो ।'

भन्सारमा गाडीसमेत आएर लामो समय थन्किएका थिए । विभागले व्यापारीलाई ताकेता गर्न थालेपछि गाडीहरू भने वैधानिक रूपमा छुटिरहेको निर्देशक खड्काले जानकारी दिए । कोभिडका समयमा अर्थतन्त्रमा असर गर्ने र विलासिताका वस्तुको आयात नियन्त्रण गर्न सरकारले केही वस्तुमा आयात प्रतिबन्ध लगाएको थियो । कुनैमा कोटा तोकेर आयात प्रतिबन्ध लगाएको थियो । यसको उद्देश्य विदेशी मुद्रा सञ्चितिमा चाप पर्न नदिनु थियो ।

सरकारले आयात प्रतिबन्ध लगाएपछि पनि आयात भएका धेरै वस्तु भन्सारमा आएर थन्किएका थिए । वीरगञ्ज सुक्खा बन्दरगाह भन्सार कार्यालयले अघिल्लो महिना समेत पोस्ता दाना र सुपारी बिक्रीका लागि लिलामी सूचना निकालेको थियो ।

### कस्ता वस्तु छन् लिलामीमा ?

सुक्खा बन्दरगाहले निकालेको लिलामी सूचना अनुसार ठूलो मात्रामा सुपारी लिलाम हुँदैछ । २० करोड रुपैयाँभन्दा बढी मूल्यांकन गरिएको सुपारी लिलामीमा राखिएको छ । लुब्रिकेन्ट जस्तो देखिने तरल पदार्थ नाममा समेत ठूलो परिमाणको वस्तु लिलाममा राखिएको छ । यसबाहेक फर्नेस आयल, पोस्ता दाना, एग्रो मेसिन र यसको पार्टपूर्जा, अटो पार्ट्स, वासिङ मेसिन, राइसमिल, ई-रिक्सा पार्ट्स, फिड सप्लिमेन्ट, सोयामिल, भोड्का, जीन, वाइन, मुङ तथा मसुरो र कालो दाल बढी मात्रामा लिलामीमा राखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

हार्दिक समवेदना



स्व. दिवस मुडभरी


यस सूर्य भैरब टोल विकास संस्था हेटौंडा-४ का सदस्य **दिवस मुडभरी**को देहावसान भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै धर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

बाबुराम मालाकार (अध्यक्ष) एवम्

**सूर्य भैरब टोल विकास संस्था**

**हेटौंडा-४, परिवार**

हार्दिक समवेदना



स्व. दिवस मुडभरी

मेरो आत्मीय मित्र **दिवस मुडभरी**को देहावसान भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै शोकाकुल परिवारमा ईश्वरले धर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

--------


सम्झौता सापकोटा (प्रबन्ध निर्देशक)

एवम्

**हिमालयन मोटर्स प्रा.लि., परिवार**

**हेटौंडा-२, चौकीटोल, मकवानपुर**

हार्दिक समवेदना



स्व. दिवस मुडभरी

यस कम्पनीका संचालन **दिवस मुडभरी**को देहावसान भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै शोकाकुल परिवारमा ईश्वरले धर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

--------

सुमन गुरुङ, सरला खनाल (संचालक)

एवम्

**सुदिन प्याकेजिङ्ग उद्योग, परिवार**

**हेटौंडा-४, मकवानपुर**

# मुख्यमन्त्री जम्कट्टेलले चैत १९ मा विश्वासको मत लिने

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ सरकारमा सहभागी दल नेपाली कांग्रेसले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेको बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले चैत १९ गते विश्वासको मत लिने भएका छन् ।

उनले लिने विश्वासको मतका लागि शुक्रबार नेकपा माओवादी केन्द्रका सचेतक रत्नप्रसाद ढकालले प्रदेशसभा सचिवालयमा मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत लिनेसम्बन्धी प्रस्ताव दर्ता गराएको बागमती प्रदेशसभा सचिवालयले जनाएको छ ।

नेपाली कांग्रेसले सरकार बाट बाहिरिँदै फागुन २३ गते समर्थन फिर्ता लिएको थियो । ११० जना सदस्य रहेको बागमती प्रदेशसभामा ५६ मत पाएको खण्डमा जम्कट्टेलको मुख्यमन्त्री पद कायम रहन्छ । बागमती प्रदेशसभामा रहेका नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीसमेतको सहभागीतामा उनले विश्वासको मत लिन लागेका हुन् ।

सरकारमा सहभागी भएको दलले समर्थन फिर्ता लिएमा मुख्यमन्त्रीले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था अनुसार जम्कट्टेलले २२ चैतभित्र विश्वासको मत लिनुपर्ने अवस्था थियो । तर, चैत १९ मै बिश्वासको मत लिने तयारीमा मुख्यमन्त्री जम्कट्टेल लागेका हुन् ।

विश्वासको मत लिनुपर्ने समय नजिकिँदै जाँदा बिहीबार दुई सिट भएको हाम्रो नेपाली पार्टीको समर्थन जुटाएपछि मुख्यमन्त्रीलाई आवश्यक बहुमत पुगेको हो । मुख्यमन्त्री जम्कट्टेललाई ११० सदस्यीय प्रदेशसभामा नेकपा माओवादी केन्द्रका २१ सँगै नेकपा एमालेका २७, एकीकृत समाजवादीका ७ र हाम्रो नेपाली पार्टीका २ गरी ५७ सांसदको समर्थन जुटेको छ ।

९ चैतमा सरकारलाई दिएको समर्थन फिर्ता लिएको हाम्रो नेपाली पार्टी एकसाता नबित्दै सरकारमा सहभागी भएको छ । हाम्रो नेपाली पार्टीको संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यले बिहीबार संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी लिएका छन् । पद तथा गोपनीयताको शपथ लिएपछि बज्राचार्यले भने, 'मैले संस्कृति र पर्यटनकै क्षेत्रमा काम गर्ने भएकाले यो जिम्मेवारी लिएको हुँ । पार्टीकै सल्लाहमा सरकारमा सहभागी भएको हो ।'

सत्ता गठबन्धनका माओवादी, एमाले र नेकपा एकीकृत समाजवादीको ५५ मात्रै सिट थियो । ११० सदस्यीय प्रदेशसभामा बहुमतका लागि ५६ जना सांसदको समर्थन आवश्यक पर्दछ । कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) सरकारमा सहभागी नहुने भएपछि जम्कट्टेललाई हाम्रो नेपाली पार्टी सरकारमा ल्याउनुको विकल्प थिएन ।

# काठमाडौंका औद्योगिक...

सीएनआइ बागमती प्रदेश अध्यक्ष लेखराज पोखरेलले हेटौंडाको जमीन उद्योग स्थापना गर्न उपयोगी रहेको भएपनि यतिबेला लगानीकर्ता 'प्रोजेक्ट ड्रप' गरेर बसिरहेको बताउँछन् । मयुरधाप औद्योगिक क्षेत्रको 'च्याप्टर क्लोज' भएको छैन भन्दै अध्यक्ष पोखरेलले मन्त्रिपरिषद्को निर्णयले यसलाई निरन्तरता दिन सक्ने सम्भावना बाँकी रहेको बताए । सरकारी निकायबीचमै समन्वय हुन नसक्दा मयुरधाप औद्योगिक क्षेत्रले गति लिन नसकेको अध्यक्ष पोखरेलले बताए ।

काठमाडौं औद्योगिक क्षेत्रमा औद्योगिक फोहोर व्यवस्थापनको समस्या छ । ढल व्यवस्थापनको पनि समस्या रहेको छ । धेरै वर्षअघि बनेका यी औद्योगिक क्षेत्रमा ढल व्यवस्थापनका लागि अब खाली जग्गा छैन । धुवाँ, धुलो निस्किने उद्योगमा अलिकति धुवाँ आउने बित्तिकै स्थानीयले गुनासो गर्ने गरेका छन् । विद्युत्, पानीलगायतका पूर्वाधार पनि जीर्ण अवस्थामा रहेका कारण औद्योगिक प्रतिष्ठान स्थानान्तरण गर्नुको बिकल्प छैन ।

भूकम्प, नाकाबन्दी, कोभिड-१९ महामारीलगायत कारण समस्यामा परेको उद्योग अहिलेसम्म तंग्रिन सकेका छैनन् । मुलुकको अस्थिर राजनीतिका कारण लगानीकर्ताले अनेकौ समस्या भोगिरहेको सीएनआई बागमती अध्यक्ष पोखरेल बताउँछन् । राजनीतिक अस्थिरता कायमै छ । करका दरमा, बैंकका ब्याजदरमा स्थिरता देखिँदैन । सरकार परिवर्तन हुँदा नीति पनि परिवर्तन हुने अवस्था छ । एउटा निश्चित नीति बनाएर जाने अवस्था नभएसम्म लगानीमैत्री वातावरण नहुने पोखरेलले बताए ।

# शिखरकोट-सीमभञ्ज्याङ पदयात्री बढ्दै



साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/एक साता अगाडि ह्याप्पी हाईकर्सको ७५ जनाले यात्रा गरेको शिखरकोट-सीमभञ्ज्याङ पदमार्गमा चैत्र ११ गते चन्द्रागिरी हाईकिङ कम्युनिटीका ३५ जनाको टोलीले पदयात्रा गरेका छन् । चन्द्रागिरी हाईकिङ कम्युनिटीका सदस्यहरु चैत्र १० गते चन्द्रागिरीबाट पैदल चित्लाङ-बिसिङखेल-कुन्छाल-ओखरबजार हुँदै शिखरकोटमा बास बसी ११ गते बिहान शिखर कोटबाट स्थानीय ४ जनासमेतको सहभागितामा पदयात्रा सुरु गरेका थिए ।

शिखरकोट धारापानी हुँदै ऋषेश्वर खोला रमणीय जंगलको बाटो हुँदै ऋषेश्वर मन्दिर दर्शन गरी दामनको पर्वतीय उद्यानमा लालिगुँरास लगायतको फूल तथा बनस्पति अवलोकन गरेर दामनको भ्युटावरबाट हिमालको दृष्यावलोकन सहित पदयात्रा सम्पन्न गरेका थिए ।

पदमार्गको परिकल्पना थाहानगरका युवा फोटापत्रकार गणेश बिष्टले गरेको हुन् । बिष्टका अनुसार थाहानगरको धेरै पदमार्गमध्ये शिखरकोट-सीमभञ्ज्याङ पदमार्गले धेरै सम्भावना बोकेको छ । स्थानीय सरकारले चासो दिएको खण्डमा यहाँ पर्यटकको ओइरो लाग्न सक्छ । स्थानीय होटल व्यबसायीले सेवाको मूल्यमा एकरुपता र सेवा, स्वागत, सत्कारमा ध्यान दिए पदमार्ग दीर्घकालीन रुपमा चल्न सक्छ ।

चन्द्रागिरी हाईकिङ कम्युनिटीका अध्यक्ष प्रसन्न गोपालीले यो पदमार्गको पदयात्रा निकै रोमान्चक भएको बताए । उनले शान्त प्राकृतिक वातावरण यो पदमार्गको बिशेषता भएको बताए । स्थानीय सरकारले चासो दिए पथसंकेत, बाटोमा डस्टबिन, ठाउँठाउँमा सूचनाबोर्ड राखेमा पर्यटकको चहलपहल बढ्ने चन्द्रागिरी हाईकिङका अभियन्ता प्रकाश गोपालीले बताए । उनले थाहाको पर्यटकीय विकासको लागि चन्द्रागिरी हाईकिङको हरपल साथ रहने बताए ।

यो पदमार्गमा शिखर कोटबाट धारापनीको पुरानो बस्ती हुँदै ऋषेश्वर जंगल र खोलाको बाटोले छुट्टै प्राकृतिक आनन्द लिन सकिन्छ । यसैबीच हिन्दु र बौद्ध धर्म मान्नेहरुको आस्थाका केन्द्र ऋषेश्वर महादेवको दर्शन, धार्मिक चुलो, तारेभिर अवलोकनपश्चात् मकवानपुरको सबैभन्दा अग्लो स्थान २४८८ मिटर उचाइमा रहेको सीमभञ्ज्याङ बजारको सदाबहार चिसो मौसमको अनुभूति गर्न पाइन्छ ।

सीमभञ्ज्याङमै रहेको कृतिम ताल र आसपाका बिभिन्न प्रजातिका गुराँस अवलोकन, दामनको पर्वतीय वनस्पति उद्यानमा वनस्पतिसंगै गुराँस अवलोकन, नेपालकै पहिलो भ्युटावर जहाँबाट नेपालको १४ भन्दा बढी हिमश्रृंखलाको दृष्यावलोकनसँगै दामनबाट ओराले लाग्दै नयाँगाउँ हुँदै यो पदयात्रा करिव १९ किलोमिटर दुरी पारगर्दै पुन: शिखर कोट आईपुगेपछि समापन हुनेछ ।

संघीय राजधानी काठमाडौं र बागमती प्रदेशको राजधानी हेटौंडाबाट करिव २ घण्टा बराबरको दुरीमा रहेको थाहानगरले सहरको भीडभाड, कोलाहलबाट रिफ्रेस हुने उपयुक्त गन्तब्यको रुपमा छुट्टै स्थानको पहिचान गरेको छ ।

# प्रदेशसभा सचिवालयको अन्तरक्रिया सौराहामा



साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/ बागमती प्रदेशसभा सचिवालयद्वारा आयोजित दुईदिने अन्तरक्रिया कार्यक्रम चितवनको सौराहामा सुरु भएको छ । बागमती प्रदेशसभा सचिवालयको आयोजनामा चैत्र १६ र १७ गते हुने यस कार्यक्रममा संसदीय विधि र कार्यप्रणाली तथा संसदीय पत्रकारिताका विषयमा छलफल भएको छ ।

पहिलो दिन माननीय सभामुख भुवनकुमार पाठकको अध्यक्षतामा कार्यक्रमको उद्घाटन गरिएको हो । प्रदेशसभा सचिव कृष्णहरि खड्का, सचिवालय सचिव पूर्णबहादुर दर्जी, पूर्वराष्ट्रियसभा सचिव राजेन्द्र फूँयाल र संसदीय पत्रकार हरिबहादुर थापालगायत विज्ञको कार्यक्रममा सहभागिता रहेको छ ।

पहिलो दिन संसदीय विधि व्यवस्थापन, नीति तथा कार्यक्रम, पूर्वबजेट छलफल, राजश्व र व्ययको अनुमान पेश, विधेयक पारित प्रक्रिया लगायत विषयमा छलफल भएको छ । दोस्रो दिन संसद र संसदीय पत्रकारिता, पत्रकारिताको पृष्ठभूमि र सञ्चारकर्मीको भूमिका, सूचना प्राप्तिको आधार लगायत विषयमा विज्ञसँग छलफल हुने जनाइएको छ ।

सचिवालयका अनुसार यस कार्यक्रममा संसदीय कामकाज, विधि र पत्रकारिताबारे आमसञ्चार कर्मीलाई जानकारी गराउने र छलफल गर्ने उद्देश्य रहेको छ । होटल अर्थ साइट, सौराहामा आयोजित कार्यक्रममा प्रदेशका विभिन्न सञ्चार माध्यमबाट आएका सञ्चारकर्मीको सहभागिता रहेको छ ।

# निर्माण व्यवसायीले छिटो भुक्तानी पाउनुपर्छ : अध्यक्ष ढकाल

साझाकुरा संवाददाता

हेटौंडा, १६ चैत/नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निर्माण व्यवसायीले सरकारबाट आफ्नो भुक्तानी चाँडै पाउनुपर्ने धारणा व्यक्त गरेका छन् ।

नेपाल निर्माण व्यवसायी महासंघको हेटौंडामा शुक्रबार आयोजित २५ औं वार्षिक साधारण सभामा बोल्दै अध्यक्ष ढकालले यस्तो धारणा राखेका हुन् । उनले देशको विकासका लागि पूर्वाधार विकास सबैभन्दा महत्वपूर्ण पक्ष हो भन्ने कुरा सरकारले बुझ्नुपर्ने बताए ।

सरकारले निर्माण व्यवसायीको ६० अर्बभन्दा बढी भुक्तानी दिनुपर्ने दायित्व बाँकी छ । सरकारले भुक्तानीमा ढिलाइ गर्दा त्यसले परियोजनामा ढिलाइ हुन सक्नेतर्फ बुझ्न आवश्यक रहेको उनले बताए । हाल राज्यबाट व्यवसायीलाई निर्माणकार्यको अर्बौं रकम भुक्तानी गर्न नसकेको हुँदा व्यवसायीले आपूर्ति श्रृंखला (सप्लाई चेन), बैंक किस्ता एवम् श्रमिक, कर्मचारीको पारिश्रमिक लगायत करको ठूलो रकम भुक्तानी गर्न नसकी व्यवसायी आर्थिक रुपमा समस्याग्रस्त रहेको उनले उल्लेख गरे ।

यद्यपि आगामी दिनमा आजको स्थितिमा सुधार हुने विश्वास उनले व्यक्त गरे । कार्यक्रममा बोल्दै ढकालले निर्माण व्यवसायीलाई बैंक तथा बित्तीय संस्थाबाट सजिलैसँग ऋण प्रवाह हुनसक्ने संयन्त्र बनाउनुपर्नेमा जोड दिए । नेपाल निर्माण व्यवसायी महासंघलाई नेपालमा पूर्वाधार विकासको लागि अटल प्रतिबद्धतासहितका कार्यका लागि अध्यक्ष ढकालले धन्यवाद दिए ।

# धर्म परिवर्तन डरलाग्दो समस्या: कमल थापा

साझाकुरा संवाददाता




हेटौंडा, १६ चैत/राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले धर्म परिवर्तन डरलाग्दो समस्याको रुपमा देखिएको बताएका छन् । नास्तिकता बढाउन बिदेशी पैसा प्रयोग भएको बारे सरकारले छानबीन गरी कार्बाही गर्नुपर्ने अध्यक्ष थापाले बताएका छन् ।

राप्रपा नेपालका अध्यक्ष कमल थापाले नेपालमा धर्म परिबर्तन डरलाग्दो समस्या भएको भन्दै यसले सामाजिक सद्भाव र एकता भड्काउने काम गरेकोमा चिन्ता प्रकट गरेका छन् । प्रशिक्षणको क्रममा विभिन्न जिल्लाको भ्रमणमा निस्कने क्रममा शुक्रबार गृहनगर हेटौंडा आइपुगेका अध्यक्ष थापाले सन्चारकर्मीहरुसँग कुरा गर्दै अमेरिकी संसदमा समेत नेपालको धर्मपरिवर्तनका बारेमा प्रश्न उठेको भन्दै नास्तिकता बढाउन भएको आर्थिक लगानीबारे सरकारले तत्काल छानबीन गरेर कार्बाही गर्नुपर्नेमा जोड दिए ।

संघीयता, धर्म निरपेक्षता, गणतन्त्र मुलुकमा असफल साबित भएको भन्दै अहिलेको ब्यवस्था र प्रणाली भ्रष्टतन्त्रमा रुपान्तरण भएको चर्चा गर्दै थापाले राजासहितको प्रजातन्त्र र हिन्दुराष्ट्रको मार्गचित्रले मात्र मुलुक स्थिर र प्रगतितर्फ जाने धारणा ब्यक्त गरे । संघीयताको नाममा अनावश्यक भारी देशले थेग्न नसक्ने भन्दै संघीयता खारेज गर्नुपर्ने आवाज पनि अध्यक्ष थापाले जोडदार रुपमा उठाए । कार्यनीतिका कारण राप्रपासँगको एकता शिक्षण बन्दै गएको भन्दै उनले राप्रपा सत्ताकेन्द्रित मानसिकताबाट ग्रस्त भएको टिप्पणी गरे ।

अहिले देशको ब्यवस्था र अवस्था परिवर्तन गर्न आन्दोलन आबश्यक भएको भन्दै थापाले सबै राष्ट्रबादी शक्ति बीच बृहत मोर्चा बन्नुपर्ने आवश्यकता औल्याए । कार्यक्रममा पार्टीका महामन्त्री राजाराम बर्तौलालगायतको उपस्थिति रहेको थियो । अध्यक्ष थापाको टोली शुक्रबार नै चितवन हुँदै पश्चिम यात्रामा निस्केको छ ।


### श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०८०/१२/१३ मा जारी भएको नामसारीको

### हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- देविलाल प्रजा (छोरा)* *ज.ध. राम प्रजा (बुवा)*

यसमा जिल्ला मकवानपुर साविक खैराङ गाविस वडा नं. ४ को कि.नं. १७२ र कि.नं. १७३ को क्षेत्रफल क्रमश: ज.रो. १६-४-१-३ र २-१०-०-० जग्गाको जग्गाधनि आफ्नो बुवा राम प्रजाको मिति २०४०/१०/०३ मा मृत्यु भएको र निज जग्गाधनिको एकमात्र पत्नि धोक्सी माया प्रजाको पनि मिति २०४१/०४/०५ मा नै मृत्यु भईसकेको निजहरुको दाम्पत्य जीवनबाट १ मात्र छोरा म निवेदक देविलाल प्रजा र ३ छोरीहरुको जायजन्म भएकोमा तीनै जना छोरीहरु विवाहदान भई पर घर गईसकेको, जग्गा धनिको नाम श्रेस्तामा राम प्रजा तथा निवेदकले पेश गरेको कागज प्रमाणहरुमा श्रीराम प्रजा भएको र जग्गाधनी बुवा र आमा दुवैजनाको पालनपोषण तथा काजकृया म निवेदक एक मात्र छोरा देविलाल प्रजाले नै गरेकोले मेरो नाममा एकलौटी नामसारी गराईपाउँ भनि मागदावी निवेदन पेश गर्नु भएकोमा यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा **जग्गा धनिको हकदारहरु अरु कोही भए वा जग्गा धनीको पालनपोषण तथा काजकृया अरुले नै गरेको भए वा उल्लेखित जग्गामा अरु कोही कसैको हकभोग भएको भए वा निवेदकको माग बमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण** भए यो सूचना प्रकाशित/जारी भएको मितिले **३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुर**मा स-प्रमाण दाबी-उजुरी गर्न, आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुर बाजुर लाग्ने छैन ।

## हार्दिक बधाई तथा शुभकामना



यस संस्थाका सदस्य तथा हाम्रो नेपाली पार्टी बागमती प्रदेश संसदीय दलका आदरणीय नेता **शैलेन्द्रमान बज्राचार्य** बागमती प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको गरिमामय मन्त्री नियुक्त हुनुभएकोमा हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं ।

**रुपकराज बज्राचार्य (अध्यक्ष) एवम्**

**पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि., परिवार**

## के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

## Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

## हार्दिक बधाई तथा शुभकामना



हाम्रो नेपाली पार्टी बागमती प्रदेश संसदीय दलका आदरणीय नेता **शैलेन्द्रमान बज्राचार्य** बागमती प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको गरिमामय मन्त्री नियुक्त हुनुभएकोमा हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं ।

रुपकराज बज्राचार्य (अध्यक्ष) एवम्
**प्रज्ञा महाविहार, परिवार**

ज्ञानरत्न बज्राचार्य (अध्यक्ष) एवम्
**धर्म गुठी, परिवार**

पवन शाक्य (अध्यक्ष) एवम्
**प्रज्ञा ज्ञानमाला भजन संघ, परिवार**

नियमराज शाक्य (अध्यक्ष) एवम्
**युवक बौद्ध मण्डल, शाक्य समाज परिवार**

शोभा लक्ष्मी बज्राचार्य (अध्यक्ष) एवम्
**प्रज्ञा नाम संगती खल:, परिवार**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना